# विशिष्टीकरण तालिका

**कक्षा ४–५** **पूर्णांङ्क : ५०**

**विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा** **समय: २ घण्टा**

| एकाइ | कार्य घण्टा | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | एकाइअनुसार अङ्क विभाजन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र बोध | पयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | पयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | |
| १. हामी र हाम्रो समाज | २० | | | | १(३) | १(३) | | | | | ६ |
| २. हाम्रा मानव मूल्य मान्यता | २६ | | १(१) | | | १(३) | | | | १(५) | ९ |
| ३. नागरिक चेतना | २४ | १(१) | | १(१) | | | | १(५) | | | ७ |
| ४. सामाजिक समस्या , विकृति र समाधान | २० | | | | १(३) | | १(३) | | | | ६ |
| ५. हाम्रो विगत | १८ | १(१) | १(१) | | १(३) | | | | | | ५ |
| ६. हाम्रा आर्थिक क्रियाकलाप | २६ | १(१) | १(१) | | १( ३) | १(३) | | | | | ८ |
| ७. हाम्रो पृथ्वी | २६ | १(१) | | | १(३) | | | | १(५) | | ९ |
| जम्मा | १६० | ४ | ३ | १ | ५ | ३ | १ | १ | १ | १ | ५० |
| | | ८X१=८ | | | ९X ३=२७ | | | ३ X ५=१५ | | | |

पाठ्यक्रम विकास केन्द्र

| प्रश्नका किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्कभार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ३ | ३ X ५ = १५ |
| छोटो उत्तर आउने प्रश्न | ९ | ९ X ३ = २७ |
| धेरै छोटो उत्तर आउने प्रश्न | ८ | ८ X १ = ८ |
| जम्मा | २० | ५० |

| प्रश्न | प्रतिशत |
|---|---|
| ज्ञान र बोध | ४८ |
| प्रयोग र सिर्जनात्मक सिप | ३४ |
| उच्च दक्षता | १८ |
| जम्मा | १०० |

**द्रष्टव्यः उच्च दक्षतामा विश्लेषण, समालोचनात्मक चिन्तन, मूल्य र अभिवृत्तिसँग सम्बन्धित प्रश्नहरू सोध्न सकिने छ।**

पाठ्यक्रम विकास केन्द्र

**कक्षाः ५** **पूर्णाङ्कः ५०**

**विषयः सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा** **समयः २ घण्टा**

**समुह (क)**

**अति छोटो उत्तर आउने प्रश्नहरू** **८ X १=८**

१. सार्वजनिक स्थलको संरक्षण गर्न के गर्नुपर्छ ? संरक्षणको कुनै एक उपाय लेख्नुहोस् ।

२.सडक सुरक्षा किन आवश्यक छ ? एक बुँदामा लेख्नुहोस् ।

३.सम्पदा संरक्षणमा समुदायस्तरमा गर्न सकिने कुनै एक उपाय उल्लेख गर्नुहोस् ।

४.चिनियाँ भाषामा नेपाल शब्दको अर्थ के हुन्छ ?

५.तपाईं घरमा भएको पुरानो वस्तुको कसरी प्रयोग गर्ने गर्नुभएको छ ? कुनै एकको प्रयोग सम्बन्धमा एक वाक्यमा लेख्नुहोस् ।

६..समुदायमा भएका विभिन्न पेसाको महत्त्व कुनै एक बुँदामा लेख्नुहोस् ।

७. तपाईंले श्रमको सम्मान कसरी गर्ने गर्नुभएको छ ?

८.अरुण ग्रहका कतिओटा उपग्रहहरू रहेका छन् ?

पाठ्यक्रम विकास केन्द्र

## समूह (ख)

**छोटो उत्तर आउने प्रश्नहरू** **९ X ३=२७**

९.तपाईंको समुदायमा गरिने कुनै तीनओटा पेसा वा व्यवसायको नाम लेखी ती पेसा वा व्यवसाय अन्तर्गत पर्ने मुख्य मुख्य कार्य उल्लेख गर्नुहोस् ।

१०.सामुदायिक कार्यमा संलग्न हुँदाका तपाईंका कुनै दुई अनुभव उल्लेख गर्नुहोस् ।

११.तपाईंले व्यवहारमा अवलम्बन गर्नुभएका कुनै तीनओटा असल आचरण उल्लेख गर्नुहोस् ।

१२.समाजमा हुने चोरी डकैतीको घटनाबाट सुरक्षित रहने कुनै तीन उपाय लेख्नुहोस् ।

१३.सामाजिक समस्या न्यूनीकरणमा विद्यालयको भूमिका महत्त्वपुर्ण हुन्छ, यस भनाइलाई आफ्ना तर्कसहित पुष्टि गर्नुहोस् ।

१४.ऐतिहासिक वस्तुको संरक्षण गर्ने कुनै तीन उपाय लेख्नुहोस् ।

१५.आफ्नो गाउँमा हाट बजार लाग्दा के के फाइदा हुन्छ ?

१६.स्थानीय समुदायमा उत्पादित वस्तुको उपयोग गर्दाका फाइदा लेख्नुहोस् ।

१७.ग्रह र उपग्रहमा के के फरक छ ? कुनै तीनओटा फरक उल्लेख गर्नुहोस् ।

## खण्ड ग

**लामो उत्तर आउने प्रश्नहरू** **३ X ५=१५**

१८.तपाईं फुर्सदको समयको सदुपयोग कसरी गर्नुहुन्छ ? फुर्सदको समयको सदुपयोग गर्दा तपाईंले महसुस गर्नुभएका कुनै चारओटा फाइदा उल्लेख गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

१९.पर्म र ऐँचोपैँचो परम्पराको महत्त्व उल्लेख गर्नुहोस् ।

२०.आफू बसोबास गरेको जिल्लाको नक्सा कोरी आफू रहेको स्थानीय तह, मुख्य नदी र धार्मिक स्थलसमेत सङ्केतमा प्रस्तुत गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र